चाहना : बालश्रम मुक्त समाजको

# बाल आवाज

समाचार बुलेटिन

वर्ष १, अङ्क ३, २०६६ चैत्र २७

## विद्यालय क्षेत्र सुधार आयोजनाका बारेमा बालबालिकाले छलफल गरे



चैत्र २६, २०६६ काठमाडौं । विभिन्न जिल्लाबाट राष्ट्रिय बालश्रम सम्मेलनमा सहभागी हुन काठमाडौं आएका श्रमको क्षेत्रमा कार्यरत बालबालिकाहरूले नेपाल सरकारले तयार पारेको विद्यालय क्षेत्र सुधार आयोजनाका बारेमा छलफल गरेका छन् ।

राष्ट्रिय बालश्रम सम्मेलनको तेस्रो दिन सहभागी बालबालिकाले उक्त विषयमा छलफल गरेका हुन् । बालश्रमको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूको संयुक्त आयोजनामा सञ्चालन भएको सो सम्मेलनका सहजकर्ता कमल चापागाईं, सानु गिरी र जियम श्रेष्ठले विभिन्न तीन समूहमा बालबालिकाहरूलाई सहजीकरण गर्दै विद्यालय सुधार योजनाले बालबालिका र श्रमिक बालबालिकाहरूलाई लक्षित गरेका विषयहरूको बारेमा जानकारी दिनुभएको थियो ।

शिक्षामा सबै वर्ग, जाती तथा समुदायका बालबालिकाको पहुँचको सुनिश्चितता, निशुल्क शिक्षा, व्यवहारिक शिक्षा, दुर शिक्षा र घुम्ती शिक्षा जस्ता पद्दतीको व्यवस्था जस्ता विषयहरू बालश्रमिकहरूको लागि सकारात्मक रहेको कुरा सहभागी बालबालिकाहरूले छलफलको क्रममा बताएका थिए । सहभागीहरूले विद्यालय सुधार योजनाले अनिवार्य शिक्षा, श्रमको क्षेत्रमा कार्यरत बालबालिकाको लागि शिक्षामा सम्पूर्ण पहुँचको व्यवस्था जस्ता मुद्धाहरू नसमेटेको बताएका थिए । ❖

## बालश्रम भन्ने शब्द नेपाली शब्दकोषबाट नै हट्नुपर्छ

चैत्र २६, २०६६ काठमाडौं । श्रमिक बालबालिकाहरूले अघिल्लो दिन छलफल गरी तयार पारेका सुझावहरू राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. चेतराज पन्तलाई बुझाएका छन् ।

राष्ट्रिय बालश्रम सम्मेलन संयुक्त आयोजना समितिले आयोजना गरेको एक कार्यक्रममा बालबालिकाहरूले सुझावहरू बुझाएका हुन् । श्रमको क्षेत्रमा कार्यरत बालबालिकाहरूले गत चैत्र २५ गते राष्ट्रिय नीति कार्यक्रम र योजनाहरूमा भएका सबल पक्ष र कमजोर पक्षको विश्लेषण गरी सो सुझावहरू तयार पारेका थिए । बालबालिकाले हस्तान्तरण गरेका सुझावहरू निम्न रहेका छन् :

१ श्रमिक बालबालिकाको स्वास्थ्य सेवामा पहुँच निश्चित गर्नुपर्ने ।



२ श्रमिक बालबालिकाको लागि छुट्टै किसिमको विद्यालय र शिक्षा प्रणाली को व्यवस्था गर्नुपर्ने ।

३ बालबालिकाको लागि समयमै पुस्तक प्रकाशन हुनुपर्ने ।

४ पाठ्यपुस्तक बालअधिकार सम्बन्धी शिक्षामा विषेश जोड दिनुपर्ने ।

५ दोहोरो शिक्षा प्रणालीको खारेज गरी एउटै शिक्षा प्रणालीको व्यवस्था गरिनुपर्ने ।

६ श्रमिक बालबालिकाहरूको निम्ती बालगृहको व्यवस्था गरिनुपर्ने ।

७ बालशोषण विरूद्ध विभिन्न ठाउँमा जनचेतनाका कार्यक्रमहरू आयोजना गरिनुपर्ने ।

८ एच.आइ.भी. र एड्सबाट संक्रमित वा प्रभाववित बालबालिकाहरूको निम्ती संरक्षण गृहको व्यवस्था हुनुपर्ने ।

९ एच.आइ.भी. र एड्सबाट संक्रमित बालबालिकाहरूको गोप्य कुराहरूलाई बाहिर ल्याउँदा सञ्चार माध्यमहरूले विषेश ख्याल गर्नुपर्ने र सम्मान गर्नुपर्ने

१० सरकारले प्रस्तुत गरेका गुरूयोजना, नियम तथा कानुनी प्रावधानहरू बालबालिकाले बुझ्ने र सुहाउँदो तरीकाले लेखिनुपर्ने ।

११ बालसहभागिताको लागि मुलुकभर सहकार्यमूलक पद्धती अवलम्बन गर्नुपर्ने

१२ विभिन्न साझेदारीका प्रयासहरूमा दक्षता र प्रभावकारीता जस्ता कार्यमा बालबालिकालाई पनि समावेश गराउनुपर्ने ।

१३ श्रमिक बालबालिकाको परिवार मध्ये कम्तीमा एक जनालाई रोजगारीको व्यवस्था गराउनुपर्ने ।
१४ गा.वि.स., न.पा. जस्ता स्थानीय निकायमा बालश्रमिककोलागि छुट्टै बजेटको बिनियोजन हुनुपर्ने ।
१५ कमलरी, वादी, देउकी, कुमारी प्रथालाई जड्है देखी उन्मुलन गर्नुपर्ने, उन्मुलन नहुन्जेल सम्मको अवस्थामा शिक्षा, स्वास्थ्य, सहभागिताको सवालमा विशेष व्यवस्था हुनुपर्ने ।
१६ विद्यालयमा कमलरी बालबालिकाले भोग्दै आएको विभेदको अन्त्य गरिनुपर्ने
१७ बालश्रमको लागि न्यूनतम उमेर १६ वर्ष तोकिनुपर्ने ।
१८ घरबार बिहिन बालबालिकाहरूलाई संरक्षणको विशेष व्यवस्था हुनुपर्ने । यस्तो व्यवस्था राज्यले गर्नुपर्ने ।
१९ गुरूयोजनालाई प्रभावकारी कायान्वयनको लागि संयन्त्र निर्माण गर्नुपर्ने ।
२० श्रमिक बालबालिकाको लागि निःशुल्क औषधी उपचारको व्यवस्था गर्नुपर्ने ।
२१ श्रमिक बालबालिकाकोलागि जिवनउपयागी केन्द्रित शिक्षाको व्यवस्था गरिनुपर्ने ।
२२ सडक तथा श्रमिक बालबालिकाको लागि राज्यद्धारा संरक्षणको व्यवस्था गर्नुपर्ने ।
२३ बिज्याईँमा संलग्न बालबालिकालाई सुधारगृहको व्यवस्था गरिनुपर्ने ।
२४ श्रमिक बालबालिकाको मुद्धाहेर्ने छुट्टै श्रम अदालतको व्यवस्था हुनुपर्ने ।
२५ श्रमिक बालबालिकाको जीवनविमाको व्यवस्था राज्यले गर्नुपर्ने ।
२६ श्रमिक बालबालिकालाई यौन दुर्व्यवहार गर्ने व्यक्तिलाई कडा सजायको व्यवस्था हुनुपर्ने ।
२७ बालबालिकाको पूर्ण रूपमा संरक्षण पाए नपाएको अवलोकन र मुल्यांकन गर्ने व्यवस्था हुनुपर्ने ।
२८ श्रमिक बालबालिकाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको आयोजना गरी उनीहरूलाई सहभागी गराइनु पर्छ ।
२९ श्रमिक बालबालिकाको लागि रात्रि विद्यालयको व्यवस्था हुनुपर्छ ।



बालबालिकाले बुझाएका सुझावहरू ग्रहण गरेपछि योजना आयोगका सदस्य चेतराज पन्तले बजेट र विधान बन्ने समय नजिकै आएको हुनाले अत्यन्तै उपयुक्त समयमा बालबालिकाहरूको सुझाव आएको कुरा बताउनु भयो । यस क्रममा उहाँले निकृष्ट प्रकारका बालश्रमको अन्त्य गर्दै बालश्रमको अन्त्य गर्नुपर्ने कुरा बताउनु भयो । यसको लागि हामी सबैले सहकार्य गर्नुपर्ने र नेपाली शब्दकोषबाट बालश्रम भन्ने शब्द नै हट्ने गरी काम गर्नुपर्ने बताउनु भयो । आयोगका सदस्य पन्तले बालबालिकाहरूलाई सम्बोधन गर्दै जुन चिज तपाईहरूले दिनुभएको छ यो वर्तमान परिस्थितीको तस्वीर भएको कुरा उल्लेख गर्नुभयो । "मैले सकेसम्म तपाईँहरूले दिनुभएको सुझावहरू मेरो श्रोत साधन र क्षमताले भ्याएसम्म राज्यका कुन अङ्गमा पुऱ्याउनु पर्ने हो त्यहाँसम्म पुऱ्याउनेछु" सदस्य पन्तले बताउनु भयो । "मेरो इच्छा प्रत्येक बालबालिका स्वच्छ, हृष्टपुष्ट र शिक्षित भएको देख्नु मेरो सपना हो ।" सदस्य पन्तले बताउनु भयो । ❖

## विद्यालय सुधार योजनामा वयष्कको छलफल




चैत्र २६, २०६६ काठमाडौँ । बालश्रमका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले विद्यालय सुधार योजनाका विषयमा छलफल गरेका छन् ।

"विद्यालय क्षेत्र सुधार आयोजना र बालश्रम" भन्ने विषयमा भएको छलफल कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव डा. लवदेव अवस्थी र अनौपचारिक शिक्षा केन्द्रका उपनिर्देशक बाबुकाजी कार्कीले आफ्नो विचार व्यक्त गर्नुभएको थियो । आफ्नो विचार व्यक्त गर्ने क्रममा शिक्षा मन्त्रालयका सहसचिव लवदेव अवस्थीले विद्यालय क्षेत्र सुधार आयोजना सबै आयोजनाहरूको छाता आयोजना रहेको कुरा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले विद्यालय सुधार योजनामा भएका राम्रा पक्ष, कमजोर पक्ष र अवसरहरूको बारेमा छलफल गरेका थिए । छलफलमा सहभागीहरूले शिक्षामा गुणस्तरमा जोड दिनु पर्ने बताएका थिए । नेपाल शिक्षक सङ्गठनका अध्यक्ष बाबुराम अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई युनिसेफका सुरेन्द्र रेग्मीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै बाबुराम अधिकारीले विद्यालय सुधार योजनाको परिचय दिदैँ त्यसको अवस्था र त्यसमा उत्पन्न समस्याहरूको बारेमा चर्चा गर्नुभएको थियो । यसक्रममा उहाँले बार्षिक बजेटको २० प्रतिशत रकम शिक्षामा लगानी गर्नुपर्ने, शिक्षकहरूको क्षमता विकास गर्नु पर्ने, निःशुल्क शिक्षा र बालबालिकाहरू विद्यालयमा श्रममा होइन भन्ने कुरालाई अगाडि बढाउनु पर्ने कुरालाई जोड दिनु भएको थियो ।

**प्रकाशन** : राष्ट्रिय बालश्रम सम्मेलन आयोजक समिति **सम्पादक** : कमल चापागाईँ **प्रकाशन सहयोगी** : रचना उपाध्याय, सानु गिरी, जियम श्रेष्ठ, सञ्जिव अधिकारी, मीलन खड्का, श्रीया थापा, गोविन्द कोइराला, पर्शुराम चौधरी, प्रेम घिमिरे, युवराज घिमिरे